CHINTAN-DHARA: A Multidisciplinary Peer-Reviewed Journal
VOL-17, pp 96-104, March, 2023
ISSN: 2091-2714
DOI: https://doi.org/10.3126/cd.v17i01.53268
Tribhuvan University Teachers' Association
Campus Unit Committee, Dhankuta Multiple Campus, Dhankuta, Nepal.

# सामाजिक सञ्जालमा प्रस्तुत स्टाटसको समाजभाषिक दृष्टिले विश्लेषण

*मीनप्रसाद अधिकारी*[1]
*Email: adhikarimin010@gmail.com*

***सार***

*बढ्दो विज्ञानको प्रभाव र समाजमा सञ्चारको पहुँचका कारण आजभोलि सबैको हात हातमा मोवाइल फोन सामान्य बनेको छ । जसको कारणले साक्षर निरक्षर, धनी गरिब, उच्च निम्न, ठूला साना, सबैका लागि सामाजिक सञ्जाल समय कटाउने, सूचना लिने दिने र आफ्ना मनको बह पोख्ने थलो बनेको छ । राजनैतिक व्यक्तिदेखि उच्च पदस्त सबैले कुनै न कुनै सामाजिक सञ्जालको प्रयोग गरिरहेका हुन्छन् । सामाजिक सञ्जाल मध्ये पनि फेसबुक अधिकांशको रोजाइमा रहेको छ । फेसबुकमा प्रयोगकर्ताले स्टाटस लेख्ने गर्दछन् । स्टाटसले सुख दुःख मात्र नभई समाजको तत्कालको परिवेशलाई पनि उतार्ने काम गर्दछ । सामाजिक ढाँचा अनुसार पनि भाषामा प्रयोग हुने शब्दभण्डार तथा अभिव्यक्तिका अन्य फाँकीहरु समेत फरक फरक हुन्छन् । कुन भौगोलिक, साँस्कृतिक तथा कालीक परिवेशमा भाषाको प्रयोग भएको छ सोही अनुसारको विविध प्रकारका समय र सन्दर्भ अनुसार सामाजिक सञ्जालमा स्टाटसको प्रयोग हुने गर्दछ ।  प्रस्तुत लेखमा पनि समाजिक सञ्जाल अन्तर्गत फेसबुकमा विभिन्न समयमा विभिन्न नामबाट प्रस्तुत भएका स्टाटसहरूको समाजभाषिक दृष्टिले विश्लेषण गरिएको छ । यसमा स्टाटसको लेखक वा प्रस्तुतकर्तालाई गौण राखी स्टाटसको भाव, आशयलाई समाजभाषिक आधारमा विश्लेषण गरिएको छ । समाजमा बासोबास गर्ने मानिसको आ-आफ्नो स्तर अनुसार फेसबुकमा स्टाटस आउने र सो स्टाटसले व्यक्तिको मनोदशा, विद्यमान अवस्था र अवस्थितिलाई उजागर गर्ने भएकाले यो लेख नितान्त प्राथमिक स्रोतका तथ्याङ्कका आधारमा मौलिक र अनुसन्धानमूलक बनेको छ । स्टाटसको नेपाली रुपान्तरण गर्दा अवस्था, आसय, वर्तमान वा विद्यमान स्थिति भन्ने हुन्छ तर जुन शक्ति स्टाटस शब्दले ग्रहण गरेको छ त्यो मर्मलाई कायम गरी स्टाटस भन्नु नै उपयुक्त देखिएकोले यसको शीर्षकमा कोड मिश्रण भएको हो । साथै समाजभाषाविज्ञानले भाषा, भाषिका, भाषिक समुदायका सँगसँगै कोड मिश्रणलाई पनि आफ्नो अध्ययनको क्षेत्र बनाउने भएकाले पनि यो शीर्षकमा भएको कोड मिश्रणलाई सहज रूपमा लिइएको छ । यसलेखमा प्रस्तुत भएका सामग्रीहरू विभिन्न प्रयोगकर्ताले आफ्नो फेसबुकमा सबैले देख्न र पढ्न मिल्ने गरी राखिएका केही स्टाटसहरू हुन् । ती स्टाटसलाई नेपाली भाषाको समृद्धशाली तथा नवीन विधा समाजभाषाविज्ञानका आधारमा विश्लेषण गरिएको छ ।*

***मुख्य शब्दावली*** *: फेसबुक, समय सन्दर्भ, सञ्जाल,  सामाजभाषाविज्ञान, सामाजिक स्टाटस*

[1] *लेखक त्रिभुवन विश्वविद्यालय, धनकुटा बहुमुखी क्याम्पस धनकुटामा नेपाली शिक्षा विषयको उप-प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।*

## परिचय

सामाजिक सञ्जाल अन्तरक्रियात्मक कम्प्युटर मध्यस्थता प्रविधि हो । जसले आभासी समुदाय र सञ्जालहरू मार्फत जानकारी, विचार, रूचि र अभिव्यक्तिहरू सिर्जना वा साझेदारी गर्ने सुविधा दिन्छ । यसको उपयोग सामाजिक सम्बन्ध बाहेक उपयोगकर्ता सामग्रीलाई संशोधनका लागि उच्च पारस्परिक मञ्च बनाउनका लागि मोवाइल र वेब आधारित प्रविधिको प्रयोगका रूपमा समेत हेर्न सकिन्छ । सामाजिक सञ्जालमा पहुँच, आवृत्ति, प्रयोग, ताजापन र स्थायित्व जस्ता तत्वहरू सामेल रहेका हुन्छन् । निएलसनका अनुसार 'इन्टरनेट प्रयोगकर्ताहरू अन्य वेबसाइटहरूको अपेक्षा सामाजिक सञ्जाल वेबसाइटहरूमा बढी समय व्यतित गर्ने गर्दछन्' । नेपाल दूरसञ्चार प्राधिकरणले २०७४ साल असारमा सार्वजानिक गरेको प्रतिवेदन अनुसार नेपालमा कुल जनसङ्ख्याको ५८ प्रतिशतभन्दा बढीले इन्टरनेट सेवाको प्रयोग गर्दछन् हाल यो सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । यकिन तथ्याङ्क नभेटिए पनि अनुमानित एक करोडभन्दा बढी नेपालीले सामाजिक सञ्जालको प्रयोग गर्दछन् । जसमध्ये १६ देखि ४० वर्ष मुनिका (युवा) समूहको बाहुल्यता रहेको देखिन्छ ।  यसर्थ वर्तमान विश्वमा दुई किसिमको सभ्यता ; भर्चुअल र भौतिक सभ्यताको सुरुवात भइसकेको छ । सामाजिक सञ्जाल प्रयोगकर्ताको ठूलो हिस्सामा फेसबुक सर्वाधिक लोकप्रिय रहेको छ । अहिले आम नागरिकका लागि सबैभन्दा सजिलो अभिव्यक्तिको माध्यम यही फेसबुक बनेको छ । सूचना वा तथ्याङ्क प्राप्त गर्नका लागि सामाजिक सञ्जाल छिटो भरपर्दा बनेका छन् । आफ्ना साथीहरूसँग सम्पर्कमा रहने, उस्तै रूचि र उमेर समूह बनाई सामजिक गतिविधि गर्ने, व्यक्तिगत पहिचान बनाउने, व्यक्तिगत वा व्यावसायिक सम्बन्ध विकास गर्ने जस्ता कार्यका लागि सामाजिक सञ्जालको प्रयोग हुने गरेको छ । अनलाइन सूचना र सामाजिक सञ्जाल सूचना आदानप्रदान, जानकारी र सिकाइको महत्वपूर्ण माध्यम हो । पछिल्लो लकडाउन अवधिमा यसलाई नै प्लेटफर्म बनाएर विभिन्न सञ्जालका माध्यमका प्रयोगले शिक्षण सिकाइ, छलफल, अन्तरक्रिया, सेमिनर र विश्वविद्यालय समेतका महत्वपूर्ण कार्यसम्पादन समेत सम्पन्न भएका छन् ।

भाषाका दुई पक्ष हुन्छन्: संरचना पक्ष र व्यावहारिक पक्ष । संरचना पक्षलाई सैद्धान्तिक र व्यावहारिक पक्षलाई प्रायोगिक पनि भन्न सकिन्छ (घिमिरे, २०६५, पृ.२) ।  हड्सन (१९८०) ले भाषाको समाजसँग सम्बद्ध अध्ययन र फिसमन (१९७२) ले भाषाको समाजविज्ञान भनेर सामाजिक भाषाविज्ञानको चर्चा गरेका छन् (अधिकारी, २०६२, पृ.१) । भाषा सामाजिक वस्तु हो । भाषा ध्वनि सङ्केतद्वारा गरिने विचार सम्प्रेषणको सर्वाधिक उपयोगी साधन हो । सामाजिक सदस्यहरू विभिन्न परिस्थिति र प्रयोजनका लागि भाषाको प्रयोग गर्दछन् (घिमिरे, २०६५, पृ.६) । भाषाको प्रयोग सधैं कुनै खास सन्दर्भ वा परिस्थितिमा हुने गर्दछ । भाषा प्रयोगका अवस्थामा समाजमा रहेका प्रयोगकर्ताको जातजाति, लिङ्ग, उमेर, पेसा, शिक्षा, धर्म जस्ता विषय पनि भाषिक अन्तरक्रियाका साथमा संलग्न बनेर आउँछन् । भाषाको प्रयोगमा यसका खास मान्यता र स्वरूप पनि एकैसाथ प्रस्तुत हुने गर्दछन् । समाजमा प्रचलित भाषिक कुरालाई समाजभाषिक दृष्टिले अध्ययनीय विषय बनाउन सकिन्छ । यसै सन्दर्भमा प्रस्तुत लेखमा सामाजिक सञ्जालमा प्रस्तुत विभिन्न स्टाटसले व्यक्त गर्ने सामाजिक सन्दर्भलाई उजागर गरिएको छ । सामाजिक भाषाविज्ञान अन्तर्गत भाषा र सामाजिक सम्पर्क, समाजको प्रकृति र भाषामा त्यसको प्रभाव आदि कुराको चर्चा गरिएको छ । मानिस सामाजिक प्राणी भएकोले भाषाले विभिन्न परिवेश र भिन्नभिन्न भाषाबिच सम्बन्ध जोड्ने काम गर्दछ भन्ने कुरा उल्लेख गर्दै समाजको भाषिक परिवेश, परम्परा, संस्कृति एवम् जातिले प्रयोग गर्ने भाषाको शब्दभण्डार अनुसार निर्माण हुने गर्दछ (भण्डारी र पौडेल, २०६७) । भाषाको प्रयोगमा खासगरी समाज र त्यस समाजको जातित्वलाई पनि प्रतिनिधित्व गरेको पाइन्छ । फिसमन (१९८२) ले बोलीको जातित्व भनी यही कुरालाई उल्लेख गरेका छन् । भाषामा जातीय तथा सांस्कृतिक पहिचान प्रदर्शित भएको यत्रतत्र देखा पर्ने हुँदा यसलाई बेवास्ता गर्न सकिँदैन (अधिकारी, २०६२) । यसैले सामाजिक सञ्जालमा प्रस्तुत स्टाटसले पनि कुनै न कुनै अवस्था झल्किन्छ । कुनै पनि राष्ट्रको भू-बनोट, सँस्कृति, जाति, भाषा,कला, भेसभूषा, भावना, मानवीय प्रवृति र चिन्तन जस्ता कुराहरू आजभोलि सामाजिक सञ्जालमा नै  प्रतिबिम्बित भएको हुन्छ । यसर्थ कुनै पनि राष्ट्रका जाति, वर्ग, लिङ्ग, उमेरका

व्यक्तिको मानसिक स्तर, सोचाइ, चिन्तन, प्रवृति, निष्ठा, आस्था, आदिको अभिव्यक्ति स्टाटसमा चित्रित हुने हुँदा त्यस्ता स्टाटसबाट कुनै जातिका मानसिक विचार, चिन्तनको स्तरलाई गहन रूपमा बुझ्न मदत मिल्छ, किनभने त्यस्ता सञ्जालमा आएका स्टाटसहरूलाई लोक चिन्तन र लोकमानसका चिन्तनपरक अभिव्यक्ति मानिन्छ ।

## विधि तथा सामग्री

प्रस्तुत लेख गुणात्मक ढाँचामा तयार गरिएको छ । लेख निर्माणमा विभिन्न वेबसाइटहरू, सामाजिक सञ्जालमा प्रस्तुत विभिन्न स्टाटसहरू सङ्कलन गरी पुस्तकालय अध्ययनका आधारमा विश्लेषण गरिएको छ । प्रस्तुत लेख निर्माणका सामग्री भनेको प्राथमिक स्रोतका सामग्रीहरू नै हुन् । मानव समाजको अस्तित्वदेखि नै भाषाको प्रयोग भएता पनि भाषाका विषयमा धेरैपछि मात्र चिन्तन मनन् हुन थाल्यो । ह्यालिडेका अनुसार भाषाका चार कार्यमूलक घटकहरू छन् : आनुभविक -experiential_, तार्किक -logical_, अन्तर्वैयक्तिक -interpersonal_ र पाठात्मक -textual_ । आनुभाविक घटकको कार्य विचारहरूको सम्प्रेषण गर्नु हो । तार्किक घटकको कार्य ती विचारहरूलाई तार्किक क्रममा जोड्नु हो । अन्तर्वैयक्तिक घटकको कार्य सामाजिक सम्बन्ध स्थापना गरी आफ्ना विचार र अनुभूतिको अभिव्यक्ति गर्नु र व्यावहारिक कार्य सम्पादन गर्नु हो । पाठात्मक घटकको कार्य भाषिक उच्चारणलाई अद्योपान्त एकअर्कासँग जोड्नु हो । सामाजिक सञ्जालमा आएका विविध स्टाटसले यी चारै कार्य सम्पन्न गरेका हुन्छन् । त्यसैले भाषाका विविध पाटोमध्ये समाज भाषाविज्ञानको पाटोलाई गुणात्मक अनुसन्धानको कसीमा राखी वर्णनात्मक अध्ययन ढाँचाको प्रयोग यस लेखमा गरिएको छ । गुणात्मक अध्ययन विधि अन्तर्गत वर्णनात्मक विधिलाई यसमा उपयोग गरिएको छ । कोल (२००९) का अनुसार वर्णनात्मक अनुसन्धान ढाँचा कुनै घटनाको वर्तमान अवस्थासँग सम्बद्ध यथार्थ र ठोस सूचना सङ्कलन गरी सङ्कलित तथ्यका आधारमा निष्कर्ष निकालिने प्रक्रिया हो । जुन कुरा यसमा पाउन सकिन्छ र यो लेखमा पालना पनि गरिएको छ ।

## परिणाम र छलफल

वर्णनात्मक र सैद्धान्तिक भाषाविज्ञानले वाक्यलाई अध्ययनको केन्द्रबिन्दु मानेका छन् । समाजभाषावैज्ञानिकहरू भने यसभन्दा पर सामाजिक सन्दर्भमा भाषाको प्रयोग हुनुपर्छ भन्दछन् (घिमिरे, २०६५) । मानवीय सम्प्रेषण प्रणालीमा संलग्न रहने वास्तविक सामग्री र ती प्रयोग हुने सामाजिक अवस्थाको अध्ययनलाई समाजभाषाविज्ञानले महत्व दिएको हुन्छ । समाजभाषाविज्ञानको ध्यान वाक्यभन्दा सञ्चारक्रिया अर्थात भाषिक घटनामा केन्द्रित हुन्छ । भाषिक अन्तरक्रियालाई वर्णन गर्ने एउटा पद्धति बोलीको जातित्व हो । डेल हाइम्सले बोलीमा संलग्न विविध पक्षहरूको विवेचना गर्न यसको प्रयोग गरेका छन् । समाजभाषाविज्ञान बहुआयामिक विषय हो । यसभित्र भाषा नीति र योजनादेखि व्यक्तिबोलीसम्म पनि समेटिएका हुन्छन् । भाषाविज्ञानको प्राग् तथा कोपेनहेगन सम्प्रदायले भाषिक अन्तरक्रियाको प्रकार्यपरक अध्ययनलाई विशेष महत्व दिएको देखिन्छ । यस प्रकार्यपरक परम्पराका प्रतिनिधि भाषाशास्त्री रोमन ज्याकोब्सनले भाषिक अन्तरक्रियालाई वक्ता, श्रोता, सन्दर्भ, सम्पर्क, कोड र सन्देश यी छ दृष्टिले हेर्न सकिन्छ भनेका छन् (भण्डारी र पौडेल, २०७२) । समाजसँग सम्बन्धित रहेर भाषाको अध्ययन गर्दा जेजस्ता कुराहरूको अध्ययन गरिन्छ, तिनै कुराहरू समाज भाषाविज्ञानका क्षेत्रहरू मानिन्छन् । अध्ययन गर्ने क्रममा भाषावैज्ञानिकहरूले समाज भाषाविज्ञानका विभिन्न क्षेत्रको अध्ययन गरेको पाइन्छ । । उनीहरूकै मत मतान्तरबाट ठोस निष्कर्षमा पुग्दा समाजभाषाविज्ञानका अध्ययन क्षेत्रहरू निम्न किसिमका रहेका पाइन्छन् : भाषिक समुदायको पहिचान गर्नु, भाषाको सामाजिक पक्षको विश्लेषण गर्नु, भाषाको मानकीकरण, आधुनिकीकरण र स्तरीकरण गर्नु, राष्ट्रभाषा, सम्पर्क भाषा, स्थनीय भाषा र अन्तर्राष्ट्रिय भाषाको निर्धारण गर्नु, भाषिक समुदायभित्र भाषाको प्रयोगसम्बन्धी ढाँचा, शैली र भाषिक परिवर्तनका कारणबारे विश्लेषण गर्नु, भाषिक भेदहरूको अध्ययन गर्नु, भाषा विकासका निम्ति भाषा नीति र योजनाको निर्माण गर्नु, समाजमा बोलिने भाषाहरूबिच सम्बन्ध केलाउनु, भाषिक मिश्रणको अध्ययन गर्नु, भाषा र समाजको सम्बन्ध, भाषाको समाजभाषिक सम्पर्क, कोड मिश्रण र कोड परिवर्तनको

अध्ययन गर्नु (भण्डारी र पौड्याल, २०७२) । यसरी समाज र भाषाको सम्बन्ध जहाँ–जहाँ जोडिन आउँछ यी सम्पूर्ण पक्ष नै सामाजिक भाषाविज्ञानका क्षेत्रभित्र समेटिन आउँछन् । यसर्थ समाजभाषिक दृष्टिले सामाजिक सञ्जालमा प्रस्तुत विभिन्न स्टाटसको अध्ययन पनि नवीन विषय बनेको छ । जुन भूमिमा मानिसहरू बाँचिरहेका हुन्छन् त्यहाँको मानिसका मानवीय प्रवृत्ति उनीहरूको स्टाटसमा प्रतिबिम्बित भएको हुन्छ (कोइराला र पौडेल, २०७६) । जस्तै : *मानिसको जिन्दगी भनेको ABCD हो,*

*जहाँ B (Birth) र D (death) को बिचमा C (Challenge) हुन्छ*

*र जिन्दगीलाई कसरी अगाडि बढाउने भन्ने कुरा मान्छेको A -Attitude_ मा भर पर्छ ।*

यस खालका स्टाटसले कहिले कहीँ मानिसलाई सकारात्मक सन्देश समेत प्रवाह गर्न सहयोग पुगेको देखिन्छ । जीवन जिउने कला र मानवीय व्यवहारमा केन्द्रित यो स्टाटसले गहिरो सन्देश बोकेका छ । मानिसले गर्ने व्यवहारलाई दृष्टान्त दिन यसले मदत गरेको छ र भावका हिसाबले पनि गहिरो भाव यसमा प्रकट भएको छ । मानिसले व्यक्त गर्ने हरेक भाषाको स्तर भनेको उ बाँचेको समाज नै हो । आफ्नो अनुभव क्षेत्रभित्रको कुरामात्र मानिसले अभिव्यक्त गर्ने हुनाले भाषाको प्रयोग व्यवहारमा आउने कतिपय कुराहरू नै सामाजिक सञ्जालको स्टाटसमा व्यक्त हुने भएकोले समाजभाषिक दृष्टिले यिनको महत्व रहेको मान्न सकिन्छ । जस्तैः

*मलाई कसैसँग घृणा छैन,*

*वस ! आजकाल कोही पनि राम्रो लाग्दैन ।*

यहाँ आफूलाई मनमा परेको गहिरो पीडालाई लुकाएर मात्र दिग्दारी र एक्लोपनको आभाष प्रकट भएको छ । समाजको हरेक क्षेत्रमा पाएको धोकाधडी, कसैको विश्वासप्रतिको तिरस्कार, हराउँदै गएको मानवीयता आदिलाई कसै सामू देखाउनुभन्दा बरू सकारात्मक सोचले बस्नु मात्र पनि जीवन हो भन्ने आशयमा यो स्टाटसलाई लिन सकिन्छ ।

सामाजिक सञ्जालमा प्रस्तुत स्टाटसले व्यक्त गर्ने सामाजिक र वैयक्तिक अवस्थालाई निम्नानुसार अर्थ्याउन सकिन्छ :-

**भावसंवेग**

मानव मनका अनेक भावलाई भावसंवेग भनिन्छ (कोइराला र पौडेल, २०७६) । भाषा बोध र अभिव्यक्तिको माध्यम कथ्य र लेख्य हुन् । कथ्य भेद बोलीचालीमा सीमित हुन्छ । मौखिक भाषा अन्तरक्रियात्मक हुन्छ, यसको प्रयोग प्रत्यक्ष प्रकृतिको हुन्छ (अधिकारी, २०६७) । यस्तै लेख्य भेद लेखाइसँग सम्बन्धित हुन्छ । अशिक्षित व्यक्तिले कथ्यभेदको मात्र प्रयोग गर्न सक्छन् भने शिक्षित व्यक्तिले कथ्य र लेख्य दुवै माध्यमको प्रयोग गर्न सक्छन् । शिक्षित, साक्षर जो कोहीले आजभोलि सामाजिक सञ्जाल चलाउने गर्दछन् र आफ्नो स्तर अनुसारको फेसबुक स्टाटस लेख्ने गर्दछन् । व्यक्तिगत होस् कि सार्वजानिक, सार्वजनिक होस् कि राजनीतिक, अनि आर्थिक होस् कि शैक्षिक जुसुकै विषयमा आफूलाई लागेका विचार सामजिक सञ्जालमा पोष्ट गरिहाल्ने सबैको बानी नै भइसकेको छ । छरछिमेकले लाएको खाएको दान गरेको देख्ता जोसुकैको न भएपनि कतिपय कल्पनाशील तर अनुभवहीन व्यक्तिहरूका मनमा अनुकरण गर्ने, ईर्ष्या गर्ने, कुरा काट्ने, जस्ता कुरा हुने भएकाले त्यस्ता कार्यले व्यक्तिका वा लोक जीवनका नै पनि सकारात्मक नकारात्मक असर पारेको अनुभव व्यक्त गर्ने स्टाटसले भाषा प्रयोगमा भावसंवेगको प्रस्तुतिलाई उजागर गर्ने गर्दछ । भावसंवेग व्यक्त गर्ने केही स्टाटसका नमुनाहरू : *छ दशकदेखिको मेरो राजनैतिक जीवन श्रृङ्खलाको अन्तिम इपिसोड छायाङ्कन भैरहेको छ । निकट भविष्यमा समापन हुनेछ ।* यसमा एउटा राजनैतिक जीवनमा आफ्नो सम्पूर्ण समय खर्च गरिसकेर पनि कुनै उल्लेख्य पद, प्रतिष्ठा प्राप्त गर्न नसकेको भावसंवेग प्रकट भएको मान्न सकिन्छ । यो स्टाटस कसले आफ्नो फेसबुकमा लेखेको होला भन्ने सहज अनुमान लगाउन समेत सकिन्छ । अथवा भनौ यसमा

कसले लेखेको भन्दापनि लेखिएको स्टाटसले समाजभाषिक दृष्टिमा एउटा राजनैतिक प्रतिष्ठा कमाइसकेका निष्ठावान व्यक्तिलाई कसैले हाल आएर वास्ता गर्न छोडेको, सर सल्लाह गर्न छोडेकोले अब मेरो जीवनकै उत्तरार्धतिर मलाई नै गलत साबित गरी हुँदै गरेका गतिविधिले कुन स्थिति सिर्जना गर्ने हो भन्ने तत्कालीन  अवस्थालाई उजागर गरेको छ भनेर भन्न सकिन्छ ।

*तिम्रो पुरानो मेसेजहरु पढ्छु अनि सोच्छु*

*तिमी झुट पनि कति राम्रोसँग बोल्ने गर्थेऊ । (जस्ताको तस्तै उधृत)*

यस्तो स्टाटसमा सहज रूपमा अनुमान गर्न सकिन्छ सञ्जालको प्रयोग मात्र भाव अभिव्यक्तिका लागि गर्ने तर भाषाको शुद्धतालाई ख्याल नगर्नेहरूको यस खालको स्टाटस आउने गर्दछ । यो बाहेक पनि यस स्टाटसले अभिव्यक्त गर्न खोजेको कुरालाई कसले कुन सन्दर्भमा के भनिएको हो भन्न सकिने अवस्था देखिन्छ । वास्तवमा भाषाको शक्ति भनेको नै समय, सन्दर्भ र परिस्थिति अनुसार लेखिएका कुरालाई उजागर गर्न सक्नु पनि हो । एउटा वयस्क प्रेमी प्रमिकाले आफूलाई एउटा कुरा भन्ने र व्यवहार अर्को गर्ने गरेको पत्तो लगाएपछि यसरी विरक्तिएर स्टाटस लेखिएको मान्न सकिन्छ ।

*लयात्मकता*

*अरुलाई रुवाएर हाँस्न नपरोस्, गलत विचार मनमा साँच्न नपरोस्*

*सही बाटो हिँड्न सिकाइदेऊ भगवान्, शीर झुकाएर बाँच्न नपरोस् ।*

सामाजिक सञ्जालमा पाइने कतिपपय स्टाटसका आलङ्कारिक प्रस्तुतिले भाषाको श्रीवृद्धिमा सहयोग पुऱ्याएको देखिन्छ भने अनुप्रास मिलाएर लेखिएको स्टाटसले सञ्जाल प्रयोगकर्ताको ध्यान पनि सहजै रूपमा आकर्षित गर्ने हुनाले सामजिक सञ्जालमा यस खालका स्टाटसको प्रयोग भएको पाइन्छ । पत्रकार केशरमणि कटुवालले २०७६ पुस १३ गते शीलापत्र अनलाइन पत्रिकामा ‘सामाजिक सञ्जालका स्टाटस र क्याप्सनले बताउँछ तपाईंको व्यक्तित्व’ शीर्षकमा अभिव्यक्तिका लागि सामाजिक सञ्जाल अहिले विश्वमा शक्तिशाली हतियार बनेको र कसैले सिधा त कसैले घुमाउरो भाषामा सामाजिक सञ्जालमा आफ्ना धारणा राख्दछन् भनेका छन् । क्याप्सन वा स्टाटसको विशेषता द्विअर्थी पनि हो । जस्तै :

*उम्रिनु, हुर्कनु, बढ्नु, फुल्नु, फल्नु, प्राकृतिक कुरा हो भने*

*ढकमक्क भई मगमगाइ रहनु नितान्त व्यक्तिगत स्वभाव र दक्षताको विषय हो ।*

सामाजिक सञ्जालमा आउने यस खालको स्टाटसले झट्ट हेर्दा बोट बिरुवाको प्रसङ्गमा भनेको जस्तो देखिए तापनि यसमा मानिसको क्षणिक आनन्द लिने र आफ्नो व्यापार व्यावसाय, सरकारी निकाय आदिमा कुशलता प्रकट गर्न नसक्नु र केही समयमा नै हराएर जानुलाई सङ्केत गरेका छ । सामाजिक सञ्जालमा सार्वजनिक चासोको विषयमा आफ्नो विचार र तर्क राख्नु, सकारात्मक सन्देश प्रवाह गर्ने, माया, प्रेम झल्कने, सबै उमेर समूहकालाई पाच्य हुने गरी प्रस्तुत गर्नु राम्रो पनि हो तर कतिपय राजनैतिक वा सामाजिक आस्थाका आधारमा गरिने हल्का टिप्पणी, गालीगलौज आदिले व्यक्तिको मनोदशा वा मनोविज्ञानलाई पनि प्रकट गरिदिन्छ । मानवीय सम्प्रेषण प्रणालीमा संलग्न रहने वास्तविक सामग्री र ती प्रयोग हुने सामाजिक अवस्थाको अध्ययनलाई समाजभाषाविज्ञानले महत्व दिएको हुन्छ । सञ्जालमा प्रस्तुत स्टाटसको सम्बन्ध भनेकै भाषाको अभिव्यक्ति पक्षसँग रहेको हुन्छ त्यसैले पनि अभिव्यक्तिको प्रभावशाली माध्यमका रूपमा यसलाई लिन सकिन्छ । जस्तै :-

*चङ्गा झैं अरुको इसारामा उड्दो रहेछ मान्छे*

*कहिलेकहीँ सिसासरी फुट्दो रहेछ मान्छे*

*नाम, दामको लोभले अरुसँग प्रतिस्पर्धा गर्दागर्दै*

*थाहै नपाई आफैँसँग छुट्दो रहेछ मान्छे ।*

सामाजिक सञ्जालमा आउने कतिपय स्टाटसहरू सूत्रात्मक र चामत्कारिक पनि हुन्छन् । अभिव्यक्तिलाई मर्मस्पर्शी, तर्कपूर्ण, संक्षिप्त, कलात्मक, व्यङ्ग्यात्मक, सारगर्भित, दृष्टान्तमूलक, ओजपूर्ण बनाउने मात्र नभएर समग्र मानव जातिलाई सही मार्ग निर्देशन गर्नमा स्टाटसको भूमिका रहन्छ ।

**सूचनाको पहिलो स्रोत**

विज्ञहरूको भनाइमा सामाजिक सञ्जाल विचारहरूको हाटबजार हो । जहाँ विचारको धाराको अपेक्षा गरिन्छ । तर कहिलेकहीँ अध्ययनभन्दा अनुमान बढी लगाएर, तर्कभन्दा कुतर्क बढी लगाएर पनि सामाजिक सञ्जालमा स्टाटस लेखिएको हुन्छ । जसले गर्दा विचार निर्माणमा सहयोग गर्नुपर्ने सामाजिक सञ्जालले मान्छेमा वैचारिक अन्यौलता सिर्जना गर्न मलजल गरिरहेको छ । हामीले गर्ने धेरैजसो गतिविधि कुनै न कुनै सामाजिक निकायसँग जोडिएका हुन्छन् । कुनै निकायले कुनै व्यक्तिलाई जिम्मेवारी दिने भयो भने सामाजिक सञ्जालमा सार्वजनिक गरिन्छ । बधाइ दिइन्छ । त्यतिबेलासम्म जिम्मेवारी पाउने व्यक्तिलाई आधिकारिक जानकारी समेत भएको हुन्न । उसलाई सोध्यो भने मैले नि मिडियामा पढेको, सामाजिक सञ्जालमा हेरेको भनी जवाफ फर्काउँछ । त्यसैले सामाजिक सञ्जालको स्टाटस भनेका सूचनाको पहिलो स्रोत बन्न थालेको छ । कतिपयले त जिम्मेवारीमा नरहेको जानकारी वा राजिनामा पनि यसै सामाजिक सञ्जालबाट दिएका हुन्छन् । उदाहरणका लागि २०७९ मंसिर ४ मा हुने आम निर्वाचनमा खटाइएका कर्मचारीको विवरण हेरी केही जिल्लाका शिक्षक साथीहरूले सामाजिक सञ्जालबाटै आफू सो पदीय हैसियतभन्दा माथि भएको भनी आफ्नो मर्यादा नमिलाइएकोले सो कार्य सम्हाल्न असमर्थ रहेको भनी सामाजिक सञ्जालमा नै राजिनामा वा सो कार्यमा संलग्न नहुने जानकारी गराइएको अहिले सञ्जालमा देख्न पाइन्छ (स्रोतः सामाजिक सञ्जाल, फेसबुक)। सामाजिक सञ्जालमा सकारात्मकसँगै नकारात्मक पाटो पनि उत्तिकै फस्टाएको भने अवश्य छ । प्रशासन डट कममा मेघराज शंकरले २०७६ श्रावण १४ गते प्रकाशन गरेको सामाजिक सञ्जालमा हराएको मानवीय संवेदनशीलता शीर्षकको लेखमा भनेका छन् । साथीको आमाको मृत्युको सूचना अन्य साथीहरूलाई दिनुपर्नेमा सञ्चारका एकजना साथीले साथी कै मृत्यु भएको सूचना सम्प्रेषण गरेर भ्रमित पारेको, आफ्नै बाबु आमाको मृत्यु हुँदा पनि आफैँले फोटो सहित पोष्ट गरेको कुरालाई औल्याउँदै यस्ता कार्यले समाजमा मानवीय संवेदनशीलता भने हराउँदै गएको कुरालाई संकेत गरेका छन् । आधुनिक सूचना प्रविधिको युगमा सुख, दुख, पिर, पीडा, हाँसो, रोदन, माया, घृणा जस्ता नव रस कै भावना पोख्न सामाजिक सञ्जाल प्रयोग भएको छ । जसका लागि सामाजिक मूल्य मान्यता, पद प्रतिष्ठा, जात धर्म, वर्ग सबैको ख्याल भने गरिनै पर्दछ ।

**विषयगत विविधता**

खास विषयक्षेत्रसँग सम्बन्धित स्टाटसहरू सामाजिक सञ्जालमा आउने गर्दछन् । यस्तो विषयगत विविधतालाई समाजभाषाविज्ञानमा विषयगत भेद भनिन्छ (अधिकारी, २०६७) । यस किसिमको भेदलाई प्रयुक्ति भेद तथा प्रयोजनपरक भेद पनि भनिन्छ । स्टाटस प्रस्तुतिका क्रममा विषयगत आधारमा देखिने भाषिक भेद विषयगत भेद हो । विषयगत भेद शब्दभण्डार, अभिव्यक्ति प्रणाली, वाक्यगठन तथा शैलीगत आधारमा बुझिन्छ । नेपाली भाषाको विषयगत भेद अन्तर्गत कृषि, व्यापार, खेलकुद, कानुन, विज्ञान, साहित्य आदि क्षेत्रमा प्रयोग हुने भाषालाई देखाउन सकिन्छ भने तिनै क्षेत्र वा विषयमा सामाजिक सञ्जाल प्रयोगकर्ताले स्टाटस बनाउने काम गर्दछ । जुन खालको समाजमा व्यक्तिको अवस्था रहेको हुन्छ त्यही खालको सामाजिक सञ्जालको प्रस्तुति देख्न सकिन्छ । जस्तै :

*चुनावी सभामा नेताले राजनीति, रुपान्तरण, सद्भाव, विकास र समृद्धिका कुरा गरे कार्यकर्ताले पनि त्यसै सिक्थे कि !*

यसमा राजनैतिक क्षेत्रसँग सम्बन्धित भई आफ्नो सामाजिक सञ्जालमा स्टाटस लेखिएको अवस्था झल्कन्छ ।

*भुँइमा सुतेका हजुरबुबा चिसोको कारण मरेपछि खाट खटिया किनी पुरोहितलाई दान गर्ने जातलाई क्षेत्री बाहुन भनिन्छ ।*

यो स्टाटसमा जातजाती, धर्म संस्कृति, वर्ग, अशिक्षा आदिलाई उजागर गरेको छ ।

*आशा गरौं यही निर्वाचनबाट एकेश्वरवादको असान्दर्भिकता प्रमाणित भई सामूहिक नेतृत्व प्रणालीको शाश्वत सत्य स्थापित गर्न जबर्जस्त आधारभूमि तयार हुनेछ ।*

यो लेख तयार भैरहेको समय आम निर्वाचन घोषणा भई देश चुनावमय भएको समय भएर पनि होला आजभोलिका सामाजिक सञ्जालमा पनि राजनैतिक विषय क्षेत्रसँग सम्बन्धित स्टाटस नै बढी आउने गरेका पनि छन् । वास्तवमा भन्नुपर्दा सामाजिक सञ्जालमा आउने स्टाटस भनेका पनि समय सन्दर्भ र समाजमा सञ्चालित रीतिरिवाजमा आधारित हुने गरेको पाइन्छन् । यसैले पनि समाजभाषिक दृष्टिले स्टाटसको अध्ययन गर्नु उपयुक्त हुने देखिन्छ । कहिले कहीं सामाजिक सञ्जालमा आउने स्टाटसमा रमाइलो व्यङ्ग्य पनि पाइन्छ । झट्ट हेर्दा हाँसो लाग्ने खालका देखिए पनि त्यसमा गहिरो व्यङ्ग्य समेत मिसिएको हुन्छ । जस्तै :

*दुर्घटनामा परेको एउटा साथीलाई अस्पताल लगेको डाक्टर सापले सरी एक घण्टा पहिले ल्याएको भए बचाँउन सकिन्थ्यो अब त बचाँउन सकिन्न  रे , अरे बाबा दुर्घटना नै १५ मिनेट पहिले भएको हो कसरी एक घण्टा पहिले ल्याउने ?*

सामाजिक सञ्जालमा आउने यस्ता कतिपय स्टाटसले समाजका विकृति विसङ्गतिलाई गतिलो झापट दिएर र पाठ सिकाएका पनि हुन्छन् ।

*बाटो जतिसुकै कठिन किन नहोस् साथ दिने मान्छे सही हुनुपर्छ जिन्दगी आफैं चल्छ ।*

प्रस्तुत स्टाटसले समाजमा बसोबास गर्ने मानिसमा एकापसमा मित्रताको र साथ सहयोगको खाँचो हुने र सो भाइचाराको सम्बन्ध भयो भने जस्तोसुकै मुश्किल काम पनि सहज ढङ्गले पार लगाउन सकिने कुरालाई बुझाएको छ । सकारात्मक सन्देश प्रवाह गर्नमा यस खालका स्टाटसको महत्व समेत रहेको देखिन्छ ।

एउटा लेखमा सम्पूर्ण पक्षलाई समेट्नका लागि सम्भव नहुने हुनाले यस लेखमा यिनै केही प्रतिनिधि स्टाटसहरूको मात्र चर्चा गरिएको छ । यो नेपाली भाषाविज्ञान र भाषाशिक्षणका क्षेत्रमा खोज र अनुसन्धानको नवीन विषय बन्ने देखिन्छ । यो समसामयिक र नवीन विषय भएका कारणले पनि हामी अध्येताको ध्यान यतातिर केन्द्रित हुनु जरुरी देखिएकोले यो लेख तयार गरिएको हो ।

## निष्कर्ष

सामाजिक भाषाविज्ञानले भाषालाई सामाजिक व्यवहार मान्दछ । यसले भाषालाई प्रयोग पक्ष र प्रयोक्ता पक्ष आदिका विविध आयामबाट पहिल्याउने काम गर्दछ । यस क्रममा समाजमा भाषिक समुदायको पहिचान, भाषाबाट समाजको अपेक्षा, समाजमा बोलिने विभिन्न भाषाहरूका बिचको सम्बन्ध आदिको अध्ययन हुन्छ । साथै भाषाहरूको प्रयोगको समाजभाषिक स्थिति, भाषिक अभिवृत्ति, भाषाको विकासका लागि भाषिक नीति तथा भाषा योजनाका विषयमा पनि समाज भाषाविज्ञानले अध्ययनको विषय बनाउँदछ । भाषिक अन्तरक्रियाको प्रकृति समेतलाई यसले समेट्ने हुनाले भाषाविज्ञानको आधुनिक शाखा प्रायोगिक भाषाविज्ञानभित्र भाषाको समाजभाषिक अध्ययन बहुआयामिक विषय बन्न पुगेको छ । यसको अध्ययन अनुसन्धानको विकास द्रुत गतिमा हुँदै रहेको छ किनकी यसमा समाजमा प्रयुक्त भाषाहरूको अध्ययन  हुने गर्दछ । भाषा अभिव्यक्तिको प्रभावशाली माध्यम बनेको सामाजिक सञ्जालमा प्रस्तुत स्टाटस पनि एक उपलब्धि नै मान्न सकिन्छ र अबको समाज र अध्येताको ध्यान पनि त्यतातर्फ केन्द्रित हुन थालेको

कारण यो अध्यनीय विषय बनेको छ । समाज भाषाविज्ञान प्रायोगिक भाषाविज्ञानको नयाँ शाखा भएकोले र समाजमा विभिन्न किसिमका मानिसहरूको बसोबास गर्ने र उनीहरूको भाषा प्रयोगको स्तर र सामाजिक सञ्जालमा लेखिने कुरा पनि आफ्नो सामजिक स्तर अनुसारको नै हुने र त्यो सिलसिलामा प्रसस्त मात्रामा विविधता रहने साथै स्तर पनि झल्कने हुनाले व्यक्तिको स्तर अनुसार नै सामाजिक सञ्जालमा भाषाको प्रयोग हुने कुरालाई यस लेखमा व्याख्या गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, मीनप्रसाद (२०७७), अनुसन्धानका आयामहरू : परिचय र प्रयोग, *चिन्तन धारा,* अङ्क १५, पृ.१४३-१५२ ।

अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार ।

अमेरिकन साइकोलोजिकल एसोसियसन (२०१०), *पब्लिकेसन म्यानुअल* (सातौं संस्करण), अथर ।

ओझा, रामनाथ (२०६९), *आधारभूत शैक्षिक ज्ञान र नेपाली भाषा शिक्षण,* पिनाकल पब्लिकेशन ।

इसाक, एस. र डब्लू. बी. मिसेल (१९९५), *ह्याण्ड बुक इन रिसर्च एण्ड इभ्यालुएसन* (तेस्रो संस्करण), इडिट्स ।

कर्डर, एस.पिट. (१९७३ ई.), *इन्ट्रोड्युसिङ अप्लाइड लिङ्ग्विस्टिक्स,* पेइगुइन बुक्स ।

कर्लिङ्, एफ.एन. (१९८६), *फाउन्डेसन अफ विहावियरल रिसर्च* (तेस्रो संस्करण), सूर्जित पब्लिकेसन ।

कार्टर, रोनाल्ड (१९९३ ई.), *इन्ट्रोड्युसिङ अप्लाइड लिङ्ग्विस्टिक्स,* म्याकमिलन इन्डिया लिमिटेड ।

क्रेसवेल, जे.डब्लु. (२०१२), एजुके*सनल रिसर्च : प्लानिङ्, कन्डक्टिङ एन्ड इभ्यालुएटिङ क्वालिटेटिभ एन्ड क्वान्टिटेटिभ रिसर्च,* (चौथो संस्करण), सेज पब्लिकेसन ।

घिमिरे, वासुदेव (२०६५), *समाजभाषाविज्ञान,* वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. कमलपोखरी ।

ढकाल, शान्तिप्रसाद (२०५८), *प्रायोगिक भाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* रत्न पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०७०), *भाषाविज्ञानका सम्प्रदाय,* एकता बुक्स, थपाथली ।

भण्डारी, पारसमणि र सालिकराम पौडेल (२०७२), *सामाजिक भाषाविज्ञान र मनोभाषा विज्ञान,* विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* शुभकामना प्रकाशन प्रा.ली. ताहाचल ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी भीमनारयण (२०५९), *भाषाविज्ञान,* न्युहिरा बुक्स इन्टरप्राइजेज ।

लम्साल, रामचन्द्र, गौतम, बासुदेव र अधिकारी, गणेशराज (२०६७), *प्रायोगिक भाषाविज्ञान,* भुँडीपुराण प्रकाशन, बागबजार ।

शर्मा, जनकलाल (२०७७), *हाम्रो समाज : एक अध्ययन* (पाँचौं संस्कं.), साझा प्रकाशन ।

www.facebook.com

www.youtube.com

www.google.com